नीलकण्ठ नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ

पत्र संख्या: ०७८/७९
चलानी नं. ३३६४

बागमती प्रदेश, नेपाल

मिति: २०७९।०३।०८

विषय: निर्णय पठाइएको सम्बन्धमा ।

**श्री साल्ट ट्रेडिङ कर्पोरेशन**
प्रदेश कार्यालय,
काठमाण्डौं ।

मिति २०७९/०३/०८ गतेका दिन नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत **अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७** को दफा १० बमोजिमको स्थानीय समितिका संयोजक तथा यस नगरपालिकाका उपप्रमुख श्री दिपक विश्वकर्माको अध्यक्षतामा बसेको बैठकका निर्णयहरू यसैसाथ संलग्न गरी तहाँ कार्यालयमा पठाइएको छ । उल्लिखित बमोजिमको बैठकको सिफारिस बमोजिम यस नगरक्षेत्रमा अनुदानको मल वितरण गर्न इजाजत प्राप्त डिलरहरूलाई संलग्न निर्णयमा भएको परिमाणमा मल उपलब्ध गराईदिनुहुन समेत अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

वोधार्थ
श्री नीलकण्ठ सहकारी संस्था लि., नीलकण्ठ नगरपालिका, वडा नं. ३ ।
श्री धादिङ लाइभस्टक प्रा.लि., नीलकण्ठ नगरपालिका, वडा नं. ८ ।
श्री दुवाडी एग्रोभेट, नीलकण्ठ नगरपालिका, वडा नं. ३ ।
श्री साना किसान कृषि सहकारी संस्था लि., सुनौलाबजार, नीलकण्ठ नगरपालिका, वडा नं. ६ ।
(सबै डिलरहरूले संलग्न निर्णय बमोजिम अनुदानको मल खरिद गरी निर्णयानुसार विक्री वितरण गर्नुहुन)

कार्यालय ठेगानाः नीलकण्ठ नगरपालिका वडा नं. ३, धादिङ
Email: neelakanthamun@gmail.com
website: www.neelakanthamun.gov.np

आज मिति २०७९/०३/०८ गतेका दिन नेपाल सरकार, मन्त्रिपरिषद्‌बाट स्वीकृत **अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७** को दफा १० बमोजिमको स्थानीय समितिका संयोजक तथा यस नगरपालिकाका उपप्रमुख श्री दिपक विश्वकर्माको अध्यक्षतामा बसेको बैठकमा देहाय बमोजिम उपस्थिति र निर्णयहरू गरिएका छन् ।

उपस्थिति

संयोजकः श्री दिपक विश्वकर्मा - नगर उपप्रमुख

सदस्यः श्री नेत्रप्रसाद पौडेल - प्रमुख प्रशासकीय अधिकृत

सदस्य सचिवः श्री काशिराज रेग्मी - नायव पशु स्वास्थ्य प्राविधिक

प्रस्ताव

१. अनुदानको मल वितरणका लागि सिफारिस गर्ने सम्वन्धमा ।

निर्णयहरू

१. साल्ट ट्रेडिङ कर्पोरेसन, प्रदेश कार्यालय, काठमाण्डौं च.नं. २९२/०७८-७९ मिति २०७९/०३/०३ गतेको पत्रबाट जानकारी भई आए बमोजिम यस नगरक्षेत्रमा अनुदानको मल वितरणका लागि इजाजत प्राप्त देहाय बमोजिमका डिलरहरूलाई देहाय बमोजिमको परिमाणमा मल खरिद गरी नियमानुसार यस नगरक्षेत्रका कृषकहरूलाई मात्र देहाय बमोजिम वितरण गर्नेगरी उल्लिखित कर्पोरेशनको प्रदेश कार्यालय, काठमाण्डौंलाई अनुदानको मल विक्रिका लागि सिफारिस गरी पठाउने ।

देहाय

अनुदानको मल वितरणका लागि इजाजत प्राप्त विक्रेताहरू

| क्र.सं. | मलको डिलरहरूको विवरण | ठेगाना | खरिद गर्न सक्ने मलको परिमाण | | वितरण गर्नुपर्ने नगरपालिकाका क्षेत्रहरू |
|---|---|---|---|---|---|
| | | | युरिया (मे.ट.) | डियपी (मे.ट.) | |
| १ | नीलकण्ठ सहकारी संस्था लि. | नी.न.पा. ३ | १२ | ११ | नीलकण्ठ नगरपालिका, वडा नं. १ देखि ४ सम्म |
| २ | धादिङ लाइभस्टक प्रा.लि. | नी.न.पा. ८ | ११ | १० | नीलकण्ठ नगरपालिका, वडा नं. ८ देखि ११ सम्म |
| ३ | दुवाडि एग्रोभेट | नी.न.पा. ३ | ११ | १० | नीलकण्ठ नगरपालिका, वडा नं. १२ देखि १४ सम्म |

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | साना किसान कृषि सहकारी संस्था लि., सुनौलाबजार | नी.न.पा. ६ | ११ | १० | नीलकण्ठ नगरपालिका, वडा नं. ५ देखि ७ सम्म |

२. इजाजतप्राप्त डिलरहरूले नेपाल सरकारले तय गरेको दररेटमा नवढाई माथि तोकिएका क्षेत्रहरूका किसानहरूलाई मात्र अनुदानको मल विक्री वितरण गर्ने र सोको प्रष्ट अभिलेख तयार गरी नगर कार्यपालिकाको कार्यालयमा बुझाउने गरी निर्देशन दिने ।

३. नेपाल सरकारले तोकेको विक्री मूल्यभन्दा बढी गरेमा वा यस नगरपालिका क्षेत्रका तोकिएका कृषकहरूभन्दा अन्य स्थानीय तह वा क्षेत्रमा अनुदानको मल वितरण गरेको पाइएमा इजाजतप्राप्त डिलरहरूलाई कानूनबमोजिम कारवाही गर्ने ।

नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेसी, धादिङ
बागमती प्रदेश, नेपाल